# खुम्बु पासाङल्हामु गाउँपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि,

## प्रस्तावना

खुम्बु पासाङल्हामु गाउँपालिका नेपालको उच्च हिमाली क्षेत्रमा अवस्थित एक विशिष्ट स्थानीय तह हो। यस गाउँपालिकाको भौगोलिक अवस्था, जलवायु, जैविक विविधता तथा प्राकृतिक स्रोतहरूको विशेषताले कृषि क्षेत्रको विकासका लागि विशिष्ट सम्भावना बोकेको छ। यहाँ आलु, जौ, फापर, उवा, स्थानीय जातका तरकारी, फलफूल, औषधीय तथा सुगन्धित वनस्पति, च्याउ, मौरीपालन तथा उच्च हिमाली पशुपालनजस्ता क्षेत्रको व्यावसायिक विकास गरी स्थानीय आयआर्जन, खाद्य तथा पोषण सुरक्षा, रोजगारी सिर्जना र जीवनस्तरमा सुधार ल्याउन सकिने पर्याप्त सम्भावना रहेको छ।

गाउँपालिकाको कृषि क्षेत्रलाई आधुनिक, व्यावसायिक, प्रतिस्पर्धी, जलवायु उत्थानशील तथा दिगो बनाउने उद्देश्यले कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि, रैथाने बाली तथा जैविक कृषि प्रवर्द्धन, कृषि यान्त्रिकीकरण, साना तथा सामुदायिक सिंचाइ पूर्वाधार विकास, बीउबिजन तथा नर्सरी व्यवस्थापन, कृषि सामग्री वितरण, क्षमता विकास, कृषि उद्यमशीलता प्रवर्द्धन, मूल्य शृङ्खला विकास, कृषि बजार व्यवस्थापन तथा कृषकलाई अनुदानमा आधारित कार्यक्रमहरूको प्रभावकारी, पारदर्शी, उत्तरदायी र नतिजामुखी कार्यान्वयनका लागि स्पष्ट कानुनी तथा प्रक्रियागत व्यवस्था आवश्यक देखिएको छ।

यस कार्यविधिले कृषि विकास कार्यक्रमहरूको योजना तर्जुमा, सूचना प्रकाशन, आवेदन संकलन, लाभग्राही छनोट, अनुदान वितरण, कार्यक्रम कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, प्रतिवेदन तथा कार्यक्रमको दिगोपन सुनिश्चित गर्ने प्रक्रियालाई व्यवस्थित गर्नेछ। साथै, स्थानीय स्रोत, साधन, सीप तथा प्रविधिको अधिकतम उपयोग गर्दै महिला, युवा, साना तथा सीमान्तकृत किसान, कृषि समूह, सहकारी, कृषि फर्म तथा उद्यमीहरूलाई कृषि क्षेत्रमा आकर्षित गरी उत्पादन, उत्पादकत्व तथा आय वृद्धि गर्न सहयोग पुऱ्याउने अपेक्षा गरीएको छ।

तसर्थ, नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, प्रचलित कृषि तथा सहकारी सम्बन्धी कानून, गाउँपालिकाको प्रशासनिक कार्यविधि (नियमित गर्ने) ऐन तथा प्रचलित कानूनी

नवराज गौतम
प्रमुख प्रशासकीय अधिकृत

व्यवस्थाले दिएको अधिकार प्रयोग गरी खुम्बु पासाङल्हामु गाउँपालिकाले "खुम्बु पासाङल्हामु गाउँपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८३" जारी गरेको छ।

परिच्छेद १ प्रारम्भिक

१. परिचय

(क) यस कार्यविधिको नाम "खुम्बु पासाङल्हामु गाउँपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(ख) यो कार्यविधि गाउँपालिकाबाट स्विकृत भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) ''अध्यक्ष'' भन्नाले गाउँपालिकाको अक्ष्यक्ष सम्झनुपर्दछ ।

(ख) ''कार्यक्रम'' भन्नाले विभिन्न कृषि विकास कार्यक्रम सम्झनुपर्छ ।

(ग) ''कार्यपालिका'' भन्नाले खुम्बु पासाङल्हामु गाउँकार्यपालिका सम्झनुपर्दछ ।

(घ) ''कृषक'' भन्नाले यस कार्यविधिको प्रयोजनको लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यवसायीक कृषि खेति गर्ने कृषक, कृषि फार्म, कृषि व्यवसायीलाई सम्झनुपर्दछ ।

(ङ) कृषक समुह'' भन्नाले विधिवत् रुपले कृषि विकास शाखामा दर्ता भई समुहमा कृषि कार्य गर्दै आएका कृषकहरुको समुहलाई सम्झनुपर्दछ ।

(च) ''गाउँपालिका भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिका सम्झनुपर्दछ ।

(छ)''प्रमुख प्रशासकीय अधिकृत" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

(ज) "अनुदान" भन्नाले नेपाल सरकारबाट विनियोजित बजेट अनुसारको स्विकृत कार्यक्रम बमोजिम कृषि तथा पशु क्षेत्रको उत्पादन, प्रशोधन, मूल्य अभिवृद्धि, बजारीकरण, पूर्वाधारनिर्माण, यान्त्रीकरण, विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरण, औधौगिकीकरण तथा गरीवि निवारण, समेतका लागि छनौट भएका अनुदानग्राहीहरुलाई प्रचलित कानून अनुसार लेखा राखे लगायतका वित्तिय उत्तरदायित्व वहन गर्ने गरी प्रदान गरीने आर्थिक, वस्तुगत सहायता पुर्वाधार विकास वा उपलब्ध गराईने कृषि/पशु सामाग्री र उपकरण सम्झनुपर्दछ ।

(ञ) "अनुदानग्राही" भन्नाले यस कार्यविधिबमोजिम छनोट भएका कृषक, कृषि फार्म र कृषि व्यवसायीहरुलाइ सम्झनुपर्दछ ।

(ट) "कृषि" शब्दले बाली, बागवानी, [illegible] किट आदिका उपक्षेत्र सँग सम्बन्धीत उत्पादन, प्रशोधन, उधोग एवम् व्यवसायलाइ सम्झिनुपर्छ।

(ठ) "कृषि सामाग्री" भन्नाले कृषि उत्पादनमा प्रयोग हुने मल, बिउ, बेर्ना, विरुवा, विषादी, जैविक पदार्थ तथा हर्मोन, कृषि चुन र रसायन, पोषक तथा शुक्ष्म तत्व, कृषि औजार, उपकरण लगायतका कृषि उत्पादन कार्यमा टेवा पुर्याउने अन्य सामाग्री/वस्तुहरुलाइ समेत सम्झनुपर्दछ।

(ड) “सार्वजनिक पुर्वाधार" भन्नाले सार्वजनिक निकायवाट निर्माण हुने विरुवा रोपन, बजार पूर्वाधार, तटवन्ध तथा वाँध निर्माण, सिचाईका पूर्वाधारहरु लगायत अन्य सार्वजनिक प्रयोजनका कृषि सम्बन्धी पुर्वाधारहरुलाई सम्झनुपर्छ।

(ढ) "निजि पुर्वाधार" भन्नाले कृषक वा फर्म वा कम्पनीबाट निर्माण हुने साना सिचाई, नर्सरी स्थापना, प्लास्टिक टनेल घर जस्ता उत्पादन, प्रशोधन तथा बजार सम्बन्धी विभिन्न निजि प्रयोजनका पुर्वाधारहरुलाई सम्झनुपर्दछ।

(ण) "सामुदायीक पुर्वाधार भन्नाले उपभोक्ता समिति वा अनुदानग्राही वा लाभग्राहि समुदायवाट निर्माण हुने सिंचाई पूर्वाधर, उत्पादन तथा प्रसोधन, कृषि वजार पूर्वाधार लगायत अन्य सामुदायीक प्रयोजनका कृषि सम्बन्धी पूर्वाधारहरुलाई सम्झनुपर्छ।

(त) "लक्षित वर्ग" भन्नाले कृषक, कृषि फर्म, कृषक समुह, कृषि सहकारी संस्था तथा सरोकारवालाहरुलाई सम्झनुपर्दछ।

(थ) "वडा” भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको वडाहरु सम्झनुंपर्छ।

(द) “शाखा” भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको कृषि विकास शाखालाई जनाउछ।

**३. उद्देश्यः**

यस कार्यविधि वमोजिम सञ्चालन हुने कार्यक्रमहरूको उद्देश्य देहायवमोजिम हुनेछ।

क) कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा सहजिकरण गरी एकरुपता कायम गर्ने।

ख) कार्यक्रमहरुको सम्वन्धमा सरोकारवालाहरुलाई सुसूचित गर्ने।

ग) कार्यक्रमहरुको कार्यान्वयन, अनुगमनलाई प्रभावकारी वनाउने।

नवराज गौतम
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-४ व्यवस्थापकीय पक्ष

**४. अनुदान उपलब्ध गराउन सक्नेः**

खुम्बु पासाङल्हामु गाउँपालिकाले स्विकृत कार्यक्रम बमोजिम यस कार्यविधिको परिच्छेद ३ मा उल्लेखित कृषि विकास कार्यक्रमहरुको उद्धेश्य, प्रमुख क्रियाकलापहरु र न्युनतम शर्त/मापदण्ड/प्रासङ्गिक विषयअनुसार प्रसार सेवा, क्षमता अभिवृद्दि, साना कृषक सम्बन्धी कार्यक्रम आवश्यकतानुसार व्यवसाय प्रवर्धन कार्यक्रम सञ्चालन गर्न र अनुदान उपलब्ध गराउन सक्नेछ ।

**५. अनुदान रकमको सिमा र प्रतिशतः**

गाउँपालिकाबाट स्विकृत कृषि विकास कार्यक्रम सञ्चालनका लागी अनुदान कार्यक्रम अन्तर्गत उपलब्ध गराईने अनुदानको सीमा यस कार्यविधि अनुसार तोकेबमोजिम हुनेछ ।

क) सार्वजनिक निकायवाट सञ्चालन गरीने सार्वजनिक कृषि सम्वन्धी क्रियाकलापको हकमा सत प्रतिशत अनुदान हुनेछ । प्रविधि प्रसार तथा तालिम गोष्ठी जस्ता सार्वजनिक निकायबाट सञ्चालन हुने कार्यक्रमको हकमा अधिकतम १००% हुनेछ ।

**६. माग संकलनः**

(क) यस कार्यविधि बमोजिमका कार्यक्रममा सहभागी हुन लक्षित वर्गबाट माग संकलन गर्न खुम्बु पासाङल्हामु गाउँपालिकाले नियमानुसार समयमै अनुसूची-१ बमोजिम सूचना प्रकाशन गर्नेछ ।

(ख) यस कार्यविधिको परिच्छेद ३ अन्तर्गत विभिन्न कार्यक्रम शिर्षकमा तोकिएका मापदण्ड/आंधारभूत/प्रासङ्गिक पक्ष पूरा गर्ने गरी ईच्छुकले अनुसूची-२ बमोजिम आवेदन पेश गर्नेछ ।

**७. लाभग्राही छनोटः**

१) कार्यक्रम अन्तर्गत अनुदान प्रदान गरीने क्रियाकलापहरुको लागि प्रस्ताव मूल्याङ्कन तथा छनोट कार्यको जिम्मेवारी आर्थिक विकास समितिको हुनेछ ।

२) समितिले आवश्यकता अनुरुप विषयसंग सम्वन्धित पदाधिकारी विज्ञ, संघिय प्रदेश सरकारको जिल्लास्थित कार्यालय/फार्म केन्द्रका प्रतिनिधिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

३) उपदफा १ वमोजिम गठित समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

क) यस कार्यविधि वमोजिम मुल्याङ्कन तथा छनोटका आधारहरु तयार गर्ने,



नवराज गौतम
प्रशासकीय अधिकृत

ख) प्राप्त निवेदनहरूको मुल्याङ्कन र स्थलगत अनुगमन गरी अनुदानग्राहि छनोट गर्ने।

ग) छनोट भएका अनुदानग्राहिलाई उपलब्ध गराइने अनुदान रकम एकिन गर्ने र सम्झौताको लागी सिफारीस गर्ने।

घ) सम्झौता अनुसारको विभिन्न चरणमा सम्पन्न भएका कार्यक्रमको अनुगमन तथा प्रमाणिकरण गर्ने।

८. अनुदान प्रवाहः

(क) यस कार्यक्रम अन्तर्गतका क्रियाकलापहरु सञ्चालन गर्न अनुदानग्राहीलाई प्रदान गरीने सेवा सुविधा सम्बन्धी व्यवस्था दफा ४ अनुसार हुनेछ ।

(ख) यस कार्यविधि बमोजिम छनोट भएका अनुदानग्राहीले सञ्चालन गर्नुपर्ने क्रियाकलाप, अनुदानग्राहीले पालना गर्नुपर्ने शर्त, अनुदान रकम एवम् भुक्तानी विधि उल्लेख गरी सम्बन्धीत कार्यालयले अनुदानग्राही सँग सम्झौता गर्नेछ ।

(ग) अनुसूची-६ अनुसार हुने सम्झौता बमोजिम स्थानीय तहले अनुदान भुक्तानी गर्नेछ ।

९. अनुदान भुक्तानीः

(क) नगद अनुदान दिने कार्यक्रमको हकमा अनुदान रकम सिधै बैंक खातामा जम्मा हुने गरी भुक्तानी गरीनेछ ।

(ख) अनुदान रकमको भुक्तानी सम्झौता पत्रमा उल्लेख भए बमोजिमको हुनेछ। कार्यक्रमको प्रकृति अनुसार जिम्मेवार प्राविधिकले स्थलगत निरिक्षण गरी तयार पारेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा अनुदानग्राहीलाई भुक्तानी गरीनेछ ।

(ग) अनुदानग्राहीले आफ्नो हिस्साको कार्य सम्पन्न गरेर तपसिलको कागजात पेश गरेपछि मात्र कार्यालयले अनुदानतर्फको रकम भुक्तानी दिनेछ ।

१) कार्यक्रम गरेको विल भरपाई,

२) समुह र सहकारिको हकमा सार्वजनिक सनुवाई,

३) लाभग्राहिले कार्यसम्पन्न गरेको हो भनि देखिने वडाको सिफारिस

४) कार्यक्रम गर्नु अगाडिको फोटो र कार्यक्रम गरीसकेपछिको फोटो

५) कार्यसम्पन्न भएको सर्जिवन मुचुल्का,

६) सम्वन्धीत सस्थाको रकम भुक्तानिको निर्णय र निवेदन,



...राज गौतम
प्रमुख प्रशासकीय अधिकृत

७) कार्यालयलाई आवस्यक परेको खण्डमा लाभग्राहिले कार्यसम्पन्न गरेको प्रमाणित हुने अन्य कागजातहरु,

१०. कार्यक्रम अनुगमन र मल्याङ्कनः

कार्यक्रमको अनुगमन खुम्बु पासाङल्हामु गाउँपालिकाको गाँउ कार्यपालिकाको कार्यालय, गाउँपालिकाको कृषि हेर्ने शाखा एवम् सम्बन्धित वडा कार्यालयबाट संयुक्त वा आवश्यकता अनुसार छुट्टाछुट्टै गर्न सक्नेछ । यसरी भएको अनुगमनको क्रममा दिईएको मौखिक वा लिखित निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ।

परिच्छेद ३ कार्यक्रम र प्राविधिक पक्ष

खुम्बु पासाङल्हामु गाउँपालिकाको कृषि विकास कार्यक्रमहरुको कार्यक्रमगत उद्देश्य, कार्यक्रम अन्तर्गत सञ्चालन गर्न सकिने प्रमुख क्रियाकलाप, पालना गर्नुपर्ने न्यूनतम मापदण्ड प्रासङ्गिक विषय जस्ता प्राविधिक पक्षहरुको वारेमा उल्लेख गरीएको छ ।

## १. व्यवसायिक फलफूल खेती प्रवर्द्धन कार्यक्रम

### १. परिचय

खुम्बु पासाङल्हामु गाउँपालिकाको हावापानी, भू–बनोट तथा प्राकृतिक वातावरण उच्च हिमाली तथा समशीतोष्ण क्षेत्रका फलफूल खेतीका लागि उपयुक्त रहेको छ। स्याउ, ओखर, नास्पाती, आरु, आलुबखडा, चेरी, किवी तथा स्थानीय वातावरण अनुकूल अन्य फलफूलको व्यवसायिक उत्पादनबाट कृषकको आयआर्जन वृद्धि, रोजगारी सिर्जना तथा आयात प्रतिस्थापन गर्न सकिने सम्भावना रहेको छ। फलफूल खेतीको क्षेत्र विस्तार, गुणस्तरीय बिरुवा प्रयोग, आधुनिक बगैंचा व्यवस्थापन तथा बजारमुखी उत्पादनलाई प्रोत्साहन गर्न यो कार्यक्रम सञ्चालन गरीनेछ।

### २. उद्देश्य

क) व्यवसायिक फलफूल खेतीको क्षेत्र विस्तार गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने।

ख) कृषकको आयआर्जन, रोजगारी तथा आर्थिक अवस्था सुधार गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

ग) उच्च गुणस्तरका फलफूल उत्पादन गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा सहयोग पुऱ्याउने।

घ) बाँझो तथा कम उपयोग भएका कृषि जमिनको सदुपयोग गर्ने।

ङ) जलवायु अनुकूल, दिगो तथा वातावरणमैत्री फलफूल खेतीलाई प्रोत्साहन गर्ने।

**३. लक्षित समूह**

क) सूचीकृत कृषक

ख) कृषि समूह

ग) कृषि सहकारी संस्था

घ) कृषि फर्म तथा कृषि उद्यमी

ङ) युवा तथा महिला कृषक

**४. प्रमुख क्रियाकलापहरू**

क) गुणस्तरीय फलफूलका बिरुवा खरिद तथा वितरण।

ख) नयाँ व्यवसायिक फलफूल बगैंचा स्थापना तथा पुराना बगैंचाको पुनर्स्थापना।

ग) बगैंचा व्यवस्थापन, छाँटाइ, मल व्यवस्थापन तथा रोग–कीरा व्यवस्थापन सम्बन्धी प्राविधिक सेवा।

घ) सिंचाइ, ट्याङ्की, पाइप, ड्रिप/स्प्रिंकलर, मल्चिङ तथा आवश्यक पूर्वाधारमा सहयोग।

ङ) फलफूल खेती सम्बन्धी तालिम, अवलोकन भ्रमण तथा क्षमता विकास।

च) प्रदर्शन प्लट स्थापना तथा प्रविधि प्रदर्शन।

छ) स्थानीय आवश्यकता अनुसार अन्य फलफूल प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन।

**५. अपेक्षित उपलब्धिहरू**

क) व्यवसायिक फलफूल खेतीको क्षेत्रफल विस्तार हुने।

ख) फलफूल उत्पादन तथा उत्पादकत्वमा वृद्धि हुने।

ग) कृषकको आयआर्जन तथा रोजगारीमा वृद्धि हुने।

घ) बाँझो जमिनको उपयोग बढ्ने।

ङ) स्थानीय बजारमा ताजा तथा गुणस्तरीय फलफूलको उपलब्धता वृद्धि हुने।

च) गाउँपालिकालाई व्यवसायिक फलफूल उत्पादन केन्द्रका रूपमा विकास गर्न सहयोग पुग्ने।

लवराज गौतम
प्रमुख प्रशासकीय अधिकृत

खुम्बु पासाङल्हामु गाउँपालिका
गाउँपालिकाको कार्यालय
चौरीखर्क, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

<u>६. अनुदान प्रतिशत तथा सीमा</u>

क) व्यक्तिगत कृषि फर्मको हकमा अधिकतम ५० प्रतिशतसम्म अनुदान उपलब्ध गराइनेछ।

ख) कृषि समूह, सहकारीको हकमा अधिकतम ७५ प्रतिशतसम्म अनुदान उपलब्ध गराइनेछ।

ग) अनुदान गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको सीमाभित्र रही उपलब्ध गराइनेछ।

<u>७. न्यूनतम मापदण्ड</u>

क) आवेदक गाउँपालिकामा सूचीकृत कृषक, कृषि समूह, सहकारी वा कृषि फर्म हुनुपर्नेछ।

ख) व्यक्तिगत कृषकले कम्तीमा २ रोपनी तथा समूह/सहकारी/फर्मले कम्तीमा १५ रोपनी क्षेत्रफलमा व्यवसायिक फलफूल खेती सञ्चालन गर्नुपर्नेछ।

ग) स्वीकृत तथा प्रमाणित नर्सरीबाट उत्पादन भएका गुणस्तरीय बिरुवा मात्र प्रयोग गर्नुपर्नेछ।

घ) बगैंचामा आवश्यक सिंचाइ तथा संरक्षणको व्यवस्था भएको हुनुपर्नेछ।

ङ) प्राविधिकको सिफारिस अनुसार बगैंचा व्यवस्थापन गर्नुपर्नेछ।

च) अनुदान प्राप्त बिरुवा वा सामग्री अन्यत्र बिक्री, स्थानान्तरण वा दुरुपयोग गर्न पाइने छैन।

छ) कार्यक्रम सम्पन्न भएपछि आवश्यक बिल, भरपाई, फोटो, प्राविधिक प्रतिवेदन तथा अन्य आवश्यक कागजात पेश गर्नुपर्नेछ।

ज) एउटै प्रयोजनका लागि अन्य सरकारी निकायबाट दोहोरो अनुदान प्राप्त गरेको पाइएमा प्रचलित कानून बमोजिम अनुदान रद्द तथा आवश्यक कारबाही गरीनेछ।

## २. कृषि चुन वितरण कार्यक्रम

<u>१. परिचय</u>

खुम्बु पासाङल्हामु गाउँपालिकाका विभिन्न कृषि योग्य जमिनहरूमा माटोको अम्लीयपन (Acidity) का कारण कृषि उत्पादन तथा उत्पादकत्वमा प्रतिकूल प्रभाव परेको अवस्था छ। माटोको अम्लीयपन न्यूनीकरण गरी माटोको उर्वराशक्ति सुधार, पोषक तत्त्वहरूको उपलब्धता वृद्धि तथा कृषि उत्पादनमा वृद्धि गर्न कृषि चुनको प्रयोग प्रभावकारी मानिन्छ। माटो परीक्षणको नतिजा तथा प्राविधिक सिफारिसका आधारमा कृषकलाई कृषि चुन उपलब्ध गराई माटो सुधार तथा दिगो कृषि प्रणाली विकास गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरीनेछ।



नवराज गौतम
प्रमुख प्रशासकीय अधिकृत

## २. उद्देश्य

क) अम्लीय माटोको सुधार गरी माटोको उर्वराशक्ति वृद्धि गर्ने।

ख) कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्ने।

ग) माटोमा आवश्यक पोषक तत्त्वहरूको उपलब्धता सुधार गर्ने।

घ) माटो परीक्षणमा आधारित वैज्ञानिक खेती प्रणालीलाई प्रोत्साहन गर्ने।

ङ) दिगो तथा वातावरणमैत्री कृषि प्रणालीको विकास गर्ने।

## ३. लक्षित समूह

क) गाउँपालिकामा सूचीकृत कृषक।

ख) कृषि समूह।

ग) कृषि सहकारी संस्था।

घ) कृषि फर्म तथा कृषि उद्यमी।

ङ) माटो परीक्षणबाट अम्लीय माटो भएको प्रमाणित कृषक।

## ४. प्रमुख क्रियाकलापहरू

क) माटो परीक्षणका आधारमा कृषि चुन वितरण।

ख) कृषि चुन ढुवानी तथा वितरण व्यवस्थापन।

ग) कृषि चुन प्रयोग सम्बन्धी तालिम, अभिमुखीकरण तथा प्राविधिक परामर्श।

घ) माटो परीक्षण तथा माटो सुधारसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन।

ङ) कृषि चुन प्रयोगको प्रभाव मूल्याङ्कन तथा अनुगमन।

च) स्थानीय आवश्यकता अनुसार अन्य माटो सुधार कार्यक्रम सञ्चालन।

## ५. अपेक्षित उपलब्धिहरू

क) माटोको अम्लीयपनमा कमी आउने।

ख) माटोको उर्वराशक्ति तथा गुणस्तरमा सुधार हुने।

ग) बालीको उत्पादन तथा उत्पादकत्वमा वृद्धि हुने।

घ) मलको उपयोग दक्षता बढ्ने तथा उत्पादन लागतमा कमी आउने।

ङ) माटो परीक्षणमा आधारित कृषि प्रणालीको विकास हुने।

### ६. अनुदान प्रतिशत तथा सीमा

क) कृषि चुन खरिदमा अधिकतम ७५ प्रतिशत अनुदान उपलब्ध गराइनेछ।

ख) दुर्गम तथा उच्च हिमाली क्षेत्रलाई मध्यनजर गर्दै आवश्यक भएमा ढुवानी खर्चमा समेत गाउँपालिकाले स्वीकृत बजेटको सीमाभित्र रही अनुदान उपलब्ध गराउन सक्नेछ।

ग) अनुदान गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको सीमाभित्र रही उपलब्ध गराइनेछ।

घ) माटो परिक्षण को रिपोर्टको आधारमा कृषि कृषि चुन वितरण गरिने छ।

### ७. न्यूनतम मापदण्ड

क) आवेदक गाउँपालिकामा सूचीकृत कृषक, कृषि समूह, सहकारी वा कृषि फर्म हुनुपर्नेछ।

ख) कृषि चुन वितरणका लागि माटो परीक्षण प्रतिवेदन वा गाउँपालिकाको कृषि प्राविधिकको सिफारिस अनिवार्य हुनेछ।

ग) व्यक्तिगत कृषकले कम्तीमा **२ रोपनी** तथा समूह/सहकारी/फर्मले कम्तीमा **१५ रोपनी** कृषि योग्य जमिनमा खेती गरेको हुनुपर्नेछ।

घ) कृषि चुन प्राविधिकको सिफारिस अनुसार मात्र प्रयोग गर्नुपर्नेछ।

ङ) प्राप्त कृषि चुन बिक्री, दुरुपयोग वा अन्य प्रयोजनमा प्रयोग गर्न पाइने छैन।

च) कार्यक्रम सम्पन्न भएपछि आवश्यक बिल, भरपाई, वितरण विवरण तथा प्राविधिक प्रतिवेदन पेश गर्नुपर्नेछ।

छ) एउटै प्रयोजनका लागि अन्य सरकारी निकायबाट दोहोरो अनुदान प्राप्त गरेको पाइएमा अनुदान रद्द गरी प्रचलित कानून बमोजिम कारबाही गरीनेछ।

ज) गाउँपालिकाले आवश्यक ठानेमा अनुदान वितरणअघि वा वितरणपछि स्थलगत अनुगमन तथा प्रमाणीकरण गर्न सक्नेछ।



नवराज गौतम
प्रमुख प्रशासकीय अधिकृत

## ३. कृषक समूह विस्तार कार्यक्रम

खुम्बु पासाङल्हामु गाउँपालिकाको " कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका, २०८३" मा भएको व्यवस्था बमोजिम हुनेछ।

## ४. मौरी पालन प्रवर्द्धन कार्यक्रम

खुम्बु पासाङल्हामु गाउँपालिकाको " मौरी प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि २०८२" मा भएको व्यवस्था बमोजिम हुनेछ।

## ५. गुणस्तरीय बिउ विजन वितरण कार्यक्रम

### १. परिचय

कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि गुणस्तरीय बिउबिजनको प्रयोग अत्यन्त महत्वपूर्ण आधार हो। गुणस्तरीय तथा प्रमाणित बिउबिजनको प्रयोगबाट बालीको उत्पादन वृद्धि, रोग तथा कीराको प्रकोपमा कमी, जलवायु अनुकूल खेती प्रवर्द्धन तथा कृषकको आयआर्जनमा वृद्धि गर्न सकिन्छ। खुम्बु पासाङल्हामु गाउँपालिकाको भौगोलिक तथा जलवायु अनुकूल उन्नत, रैथाने तथा उन्नत जातका बिउबिजन कृषकसमक्ष सहज रूपमा उपलब्ध गराई कृषि उत्पादनलाई व्यावसायिक, प्रतिस्पर्धी तथा दिगो बनाउन यो कार्यक्रम सञ्चालन गरीनेछ।

### २. उद्देश्य

क) कृषकलाई गुणस्तरीय तथा प्रमाणित बिउबिजन सहज रूपमा उपलब्ध गराउने।

ख) कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्ने।

ग) स्थानीय वातावरण अनुकूल उन्नत तथा रैथाने बालीका बिउबिजनको संरक्षण, उत्पादन तथा विस्तार गर्ने।

घ) रोग तथा कीरा प्रतिरोधी, उच्च उत्पादनशील तथा जलवायु अनुकूल जातको प्रयोगलाई प्रोत्साहन गर्ने।

ङ) कृषकको उत्पादन लागत घटाई आयआर्जनमा वृद्धि गर्ने।



नवराज जोशी
प्रमुख प्रशासकीय अधिकृत

**३. लक्षित समूह**

क) गाउँपालिकामा सूचीकृत कृषक।

ख) कृषि समूह।

ग) कृषि सहकारी संस्था।

घ) कृषि फर्म तथा कृषि उद्यमी।

ङ) महिला तथा युवा कृषक।

**४. प्रमुख क्रियाकलापहरू**

क) प्रमाणित तथा गुणस्तरीय बिउबिजन खरिद तथा वितरण।

ख) रैथाने तथा उन्नत जातका बिउबिजनको संरक्षण तथा प्रवर्द्धन।

ग) बिउ उत्पादन गर्ने कृषक तथा समूहलाई प्रोत्साहन।

घ) बिउबिजन उत्पादन, भण्डारण तथा व्यवस्थापन सम्बन्धी तालिम तथा प्राविधिक सेवा।

ङ) प्रदर्शन प्लट स्थापना तथा प्रविधि प्रदर्शन।

च) स्थानीय आवश्यकता अनुसार अन्य बिउबिजन प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन।

**५. अपेक्षित उपलब्धिहरू**

क) गुणस्तरीय बिउबिजनको प्रयोग गर्ने कृषकको संख्या वृद्धि हुने।

ख) बालीको उत्पादन तथा उत्पादकत्वमा उल्लेखनीय वृद्धि हुने।

ग) स्थानीय वातावरण अनुकूल उन्नत तथा रैथाने जातको संरक्षण र विस्तार हुने।

घ) रोग तथा कीराको प्रकोपमा कमी आउने।

ङ) कृषकको आयआर्जन तथा खाद्य सुरक्षामा सुधार हुने।

**६. अनुदान प्रतिशत तथा सीमा**

क) प्रमाणित तथा गुणस्तरीय बिउबिजन खरिदमा **अधिकतम १०० प्रतिशत** अनुदान उपलब्ध गराइनेछ।

ख) रैथाने तथा स्थानीय जातका बिउबिजन संरक्षण तथा उत्पादन कार्यक्रमका लागि **अधिकतम १०० प्रतिशत** अनुदान उपलब्ध गराउन सकिनेछ।

ग) अनुदान गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको सीमाभित्र रही उपलब्ध गराइनेछ।

**७. न्यूनतम मापदण्ड**

क) आवेदक गाउँपालिकामा सूचीकृत कृषक, कृषि समूह, सहकारी वा कृषि फर्म हुनुपर्नेछ।

ख) वितरण गरीने बिउबिजन सम्बन्धित सरकारी निकाय वा मान्यता प्राप्त संस्थाबाट प्रमाणित वा सिफारिस गरीएको हुनुपर्नेछ।

ग) बिउबिजन गाउँपालिकाको हावापानी तथा कृषि प्रणाली अनुकूल हुनुपर्नेछ।

घ) व्यक्तिगत कृषकले कम्तीमा ३ रोपनी तथा समूह, सहकारी वा फर्मले कम्तीमा १५ रोपनी क्षेत्रफलमा खेती गर्ने योजना पेश गरेको हुनुपर्नेछ।

ङ) प्राप्त बिउबिजन बिक्री वा अन्यत्र हस्तान्तरण गर्न पाइने छैन।

च) गाउँपालिकाको कृषि प्राविधिकले तोकेको प्राविधिक सिफारिस तथा व्यवस्थापन विधि पालना गर्नुपर्नेछ।

छ) कार्यक्रम सम्पन्न भएपछि आवश्यक बिल, भरपाई, फोटो, प्राविधिक प्रतिवेदन तथा अन्य आवश्यक कागजात पेश गर्नुपर्नेछ।

ज) एउटै प्रयोजनका लागि अन्य सरकारी निकायबाट दोहोरो अनुदान प्राप्त गरेको पाइएमा अनुदान रद्द गरी प्रचलित कानून बमोजिम कारबाही गरीनेछ।

## ६. च्याउ खेती प्रवर्द्धन कार्यक्रम

**१. परिचय**

खुम्बु पासाङल्हामु गाउँपालिकाको हिमाली तथा समशीतोष्ण जलवायु विभिन्न प्रजातिका च्याउ उत्पादनका लागि उपयुक्त रहेको छ। च्याउ खेती कम लगानी, कम जमिन तथा छोटो समयमा उत्पादन लिन सकिने उच्च आम्दानीमुखी कृषि व्यवसाय हो। स्थानीय रूपमा उपलब्ध कृषि अवशेष तथा जैविक सामग्रीको उपयोग गरी व्यवसायिक च्याउ खेतीलाई प्रवर्द्धन गर्दा कृषकको आयआर्जन, पोषण सुरक्षा तथा रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान पुग्नेछ। यस कार्यक्रममार्फत व्यवसायिक च्याउ खेतीको विस्तार, आधुनिक प्रविधिको प्रयोग तथा बजारमुखी उत्पादनलाई प्रोत्साहन गरीनेछ।

**२. उद्देश्य**

क) व्यवसायिक च्याउ खेतीको विस्तार तथा उत्पादन वृद्धि गर्ने।

ख) कृषकको आयआर्जन तथा रोजगारीका अवसर वृद्धि गर्ने।

ग) पोषणयुक्त खाद्य पदार्थको उत्पादन तथा उपभोगलाई प्रोत्साहन गर्ने।

घ) कृषि अवशेष तथा स्थानीय स्रोत–साधनको प्रभावकारी उपयोग गर्ने।

ङ) आधुनिक च्याउ उत्पादन प्रविधि तथा उद्यमशीलताको विकास गर्ने।

**३. लक्षित समूह**

क) गाउँपालिकामा सूचीकृत कृषक।

ख) च्याउ खेती गर्न इच्छुक कृषक।

ग) कृषि समूह तथा कृषि सहकारी संस्था।

घ) कृषि फर्म तथा कृषि उद्यमी।

ङ) महिला तथा युवा कृषक।

**४. प्रमुख क्रियाकलापहरू**

क) च्याउको गुणस्तरीय स्पन (Spawn), उत्पादन सामग्री तथा उपकरणमा अनुदान उपलब्ध गराउने।

ख) च्याउ उत्पादन घर (Mushroom House) निर्माण तथा सुधारमा सहयोग गर्ने।

ग) च्याउ खेती सम्बन्धी तालिम, अभिमुखीकरण तथा प्राविधिक सेवा प्रदान गर्ने।

घ) प्रदर्शन प्लट तथा नमुना च्याउ फार्म स्थापना गर्ने।

ङ) च्याउ संकलन, प्रशोधन, प्याकेजिङ तथा बजारीकरणमा सहयोग गर्ने।

च) रोग तथा कीरा व्यवस्थापन सम्बन्धी प्राविधिक सहयोग उपलब्ध गराउने।

छ) स्थानीय आवश्यकता अनुसार अन्य च्याउ प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने।

**५. अपेक्षित उपलब्धिहरू**

क) व्यवसायिक च्याउ खेती गर्ने कृषकको संख्या वृद्धि हुने।

ख) च्याउ उत्पादन तथा उत्पादकत्वमा उल्लेखनीय वृद्धि हुने।

ग) कृषकको आयआर्जन तथा रोजगारीमा वृद्धि हुने।

घ) पोषणयुक्त खाद्य पदार्थको स्थानीय उपलब्धता बढ्ने।

ङ) स्थानीय कृषि उद्यम तथा बजार प्रणालीको विकास हुने।

**६. अनुदान प्रतिशत तथा सीमा**

क) व्यक्तिगत कृषक, कृषि फर्मको हकमा अधिकतम ५० प्रतिशतसम्म अनुदान उपलब्ध गराइनेछ।



नवराज गौतम
प्रमुख प्रशासकीय अधिकृत

ख) कृषि समूह, सहकारीको हकमा अधिकतम ७५ प्रतिशतसम्म अनुदान उपलब्ध गराइनेछ।
ग) अनुदान गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको सीमाभित्र रही उपलब्ध गराइनेछ।

**७. न्यूनतम मापदण्ड**

क) आवेदक गाउँपालिकामा सूचीकृत कृषक, कृषि समूह, सहकारी वा कृषि फर्म हुनुपर्नेछ।
ख) व्यक्तिगत कृषकले कम्तीमा **२५० वटा स्पन ब्याग** बराबरको व्यवसायिक उत्पादन गर्ने योजना वा सो सरहको उत्पादन संरचना तयार गरेको हुनुपर्नेछ।
ग) समूह, सहकारी वा फर्मले कम्तीमा **१,५०० वटा स्पन ब्याग** बराबरको व्यवसायिक उत्पादन योजना पेश गरेको हुनुपर्नेछ।
घ) च्याउ उत्पादनका लागि उपयुक्त उत्पादन घर, सरसफाइ तथा आवश्यक वातावरण व्यवस्थापनको व्यवस्था भएको हुनुपर्नेछ।
ङ) गाउँपालिकाको कृषि प्राविधिकको सिफारिस तथा प्राविधिक निर्देशन पालना गर्नुपर्नेछ।
च) प्राप्त अनुदान तथा सामग्री बिक्री, दुरुपयोग वा अन्य प्रयोजनमा प्रयोग गर्न पाइने छैन।
छ) कार्यक्रम सम्पन्न भएपछि आवश्यक बिल, भरपाई, फोटो, प्राविधिक प्रतिवेदन तथा अन्य आवश्यक कागजात पेश गर्नुपर्नेछ।
ज) एउटै प्रयोजनका लागि अन्य सरकारी निकायबाट दोहोरो अनुदान प्राप्त गरेको पाइएमा अनुदान रद्द गरी प्रचलित कानून बमोजिम कारबाही गरीनेछ।
झ) कार्यक्रम अन्तर्गत उत्पादन गरीने च्याउको गुणस्तर, सरसफाइ तथा खाद्य सुरक्षासम्बन्धी प्रचलित मापदण्डको पालना गर्नुपर्नेछ।

## ७. कृषि यान्त्रिकरण सम्बन्धि क्षमता विकास तालिम

**१. परिचय**

खुम्बु पासाङल्हामु गाउँपालिकाको भौगोलिक विकटता, श्रमशक्तिको अभाव तथा कृषि क्षेत्रमा बढ्दो उत्पादन लागतलाई मध्यनजर गर्दै कृषि यान्त्रिकीकरणलाई प्रवर्द्धन गर्नु आवश्यक भएको छ। आधुनिक कृषि औजार तथा उपकरणको सुरक्षित, प्रभावकारी र दिगो प्रयोगका लागि कृषकहरूमा आवश्यक सीप तथा ज्ञान विकास गर्न कृषि यान्त्रिकीकरण सम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरीनेछ। यस कार्यक्रममार्फत कृषक, कृषि समूह, सहकारी तथा कृषि

उद्यमीहरूलाई कृषि यन्त्रको सञ्चालन, मर्मत-सम्भार, सुरक्षा तथा व्यवस्थापनसम्बन्धी व्यवहारिक ज्ञान प्रदान गरी कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न सहयोग पुऱ्याइनेछ।

## २. उद्देश्य

क) कृषकहरूलाई आधुनिक कृषि यन्त्र तथा उपकरणको प्रभावकारी प्रयोग सम्बन्धी सीप प्रदान गर्ने।

ख) कृषि यान्त्रिकीकरणमार्फत उत्पादन लागत घटाई उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने।

ग) कृषि यन्त्रको सञ्चालन, मर्मत तथा सुरक्षित प्रयोग सम्बन्धी दक्ष जनशक्ति विकास गर्ने।

घ) युवा तथा महिला कृषकलाई कृषि यान्त्रिकीकरणमा आकर्षित गर्ने।

ङ) कृषि व्यवसायलाई आधुनिक, प्रतिस्पर्धी तथा व्यावसायिक बनाउने।

## ३. लक्षित समूह

क) गाउँपालिकामा सूचीकृत कृषक।

ख) कृषि समूह तथा कृषि सहकारी संस्था।

ग) कृषि फर्म तथा कृषि उद्यमी।

घ) कृषि क्षेत्रमा संलग्न युवा तथा महिला कृषक।

ङ) कृषि प्राविधिक तथा कृषि सेवा प्रदायक।

## ४. प्रमुख क्रियाकलापहरू

क) कृषि यान्त्रिकीकरण सम्बन्धी आधारभूत तथा उन्नत तालिम सञ्चालन।

ख) पावर टिलर, मिनी टिलर, रिपर, थ्रेसर, च्यापकटर, स्प्रेयर, मिनी ट्र्याक्टर, मल्चिङ मेसिन तथा अन्य कृषि यन्त्रको सञ्चालन सम्बन्धी व्यवहारिक प्रशिक्षण।

ग) कृषि यन्त्रको नियमित मर्मत–सम्भार तथा सुरक्षा सम्बन्धी तालिम।

घ) प्रदर्शन (Demonstration) तथा प्रयोगात्मक अभ्यास सञ्चालन।

ङ) कृषि यन्त्रको प्रभावकारी उपयोग तथा व्यवस्थापन सम्बन्धी प्राविधिक परामर्श।

च) आवश्यकता अनुसार अध्ययन अवलोकन भ्रमण तथा अनुभव आदान–प्रदान कार्यक्रम सञ्चालन।

## ५. अपेक्षित उपलब्धिहरू

क) कृषकहरूमा कृषि यन्त्र सञ्चालन तथा मर्मतसम्बन्धी सीप विकास हुने।

ख) कृषि यन्त्रको सुरक्षित तथा प्रभावकारी प्रयोगमा वृद्धि हुने।



प्रमुख प्रशासकीय अधिकृत

ग) कृषि उत्पादन लागतमा कमी तथा उत्पादकत्वमा वृद्धि हुने।

घ) कृषि क्षेत्रमा आधुनिक प्रविधिको प्रयोग विस्तार हुने।

ङ) दक्ष कृषि यन्त्र सञ्चालक तथा कृषि उद्यमीको संख्या वृद्धि हुने।

**६. अनुदान प्रतिशत तथा सीमा**

क) तालिम सञ्चालन, प्रशिक्षक, प्रशिक्षण सामग्री, अभ्यास सामग्री तथा प्रमाणपत्र वितरणमा १०० प्रतिशत अनुदान उपलब्ध गराइनेछ।

ख) तालिममा सहभागी कृषकलाई आवश्यकता अनुसार स्वीकृत मापदण्ड बमोजिम खाजा, भोजन तथा यातायात सुविधा उपलब्ध गराउन सकिनेछ।

ग) कार्यक्रम सञ्चालन खर्च गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको सीमाभित्र रही व्यहोर्नेछ।

**७. न्यूनतम मापदण्ड**

क) सहभागी गाउँपालिकामा सूचीकृत कृषक, कृषि समूह, सहकारी, कृषि फर्म वा कृषि उद्यमी हुनुपर्नेछ।

ख) तालिममा सहभागीले कम्तीमा ८० प्रतिशत उपस्थित भएको हुनुपर्नेछ।

ग) तालिमबाट प्राप्त ज्ञान तथा सीपलाई कृषि कार्यमा प्रयोग गर्ने प्रतिबद्धता जनाउनुपर्नेछ।

घ) तालिममा सहभागीको छनोट गर्दा महिला, युवा, दलित, जनजाति, विपन्न तथा व्यावसायिक कृषकलाई प्राथमिकता दिइनेछ।

ङ) तालिम कार्यक्रम गाउँपालिकाले स्वीकृत गरेको पाठ्यक्रम तथा कार्यतालिका अनुसार सञ्चालन गरीनेछ।

च) तालिम सम्पन्न भएपछि सहभागीलाई प्रमाणपत्र प्रदान गरीनेछ।

छ) तालिमको प्रभावकारिता मूल्याङ्कन गर्न गाउँपालिकाले आवश्यकता अनुसार अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

## ८. मौसमी तथा बेमौसमी व्यवसायिक तरकारी खेती सम्बन्धि तालिम

**१. परिचय**

खुम्बु पासाङल्हामु गाउँपालिकामा मौसमी तथा बेमौसमी तरकारी उत्पादनको प्रशस्त सम्भावना रहेको छ। आधुनिक खेती प्रविधि, उन्नत जातका बीउबिजन, प्लास्टिक घर (टनेल), मल

व्यवस्थापन, सिँचाइ तथा रोग–कीरा व्यवस्थापनको उचित प्रयोगबाट वर्षभरि गुणस्तरीय तरकारी उत्पादन गर्न सकिन्छ। यस कार्यक्रममार्फत कृषकहरूलाई व्यवसायिक तरकारी खेती सम्बन्धी व्यवहारिक तथा सीपमूलक तालिम प्रदान गरी उत्पादन, उत्पादकत्व, गुणस्तर तथा आम्दानी वृद्धि गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरीनेछ।

**२. उद्देश्य**

क) मौसमी तथा बेमौसमी व्यवसायिक तरकारी खेती प्रवर्द्धन गर्ने।

ख) कृषकलाई आधुनिक तरकारी उत्पादन प्रविधिसम्बन्धी ज्ञान तथा सीप प्रदान गर्ने।

ग) तरकारी उत्पादन, उत्पादकत्व तथा गुणस्तरमा वृद्धि गर्ने।

घ) कृषकको आयआर्जन तथा रोजगारीका अवसर विस्तार गर्ने।

ङ) सुरक्षित, विषादीको उचित प्रयोग तथा बजारमुखी तरकारी उत्पादन प्रणालीको विकास गर्ने।

**३. लक्षित समूह**

क) गाउँपालिकामा सूचीकृत कृषक।

ख) व्यवसायिक तरकारी खेती गरीरहेका वा गर्न इच्छुक कृषक।

ग) कृषि समूह तथा कृषि सहकारी संस्था।

घ) कृषि फर्म तथा कृषि उद्यमी।

ङ) महिला तथा युवा कृषक।

**४. प्रमुख क्रियाकलापहरू**

क) मौसमी तथा बेमौसमी तरकारी खेती सम्बन्धी आधारभूत तथा उन्नत तालिम सञ्चालन।

ख) बीउ छनोट, नर्सरी व्यवस्थापन, बेर्ना उत्पादन तथा रोपाइँ प्रविधिसम्बन्धी प्रशिक्षण।

ग) प्लास्टिक टनेल, मल्चिङ, थोपा सिँचाइ तथा अन्य आधुनिक प्रविधिको प्रयोगसम्बन्धी व्यवहारिक तालिम।

घ) पोषण व्यवस्थापन, प्राङ्गारिक मल प्रयोग तथा एकीकृत रोग–कीरा व्यवस्थापन (IPM) सम्बन्धी प्रशिक्षण।

ङ) प्रदर्शन प्लट स्थापना तथा व्यवहारिक अभ्यास।

च) उत्पादनपछिको व्यवस्थापन, ग्रेडिङ, प्याकेजिङ, भण्डारण तथा बजारीकरण सम्बन्धी तालिम।

छ) आवश्यकता अनुसार अध्ययन अवलोकन भ्रमण तथा अनुभव आदान–प्रदान कार्यक्रम सञ्चालन।

**५. अपेक्षित उपलब्धिहरू**

क) व्यवसायिक तरकारी खेती गर्ने कृषकको संख्या वृद्धि हुने।

ख) मौसमी तथा बेमौसमी तरकारी उत्पादन तथा उत्पादकत्वमा वृद्धि हुने।

ग) कृषकमा आधुनिक तरकारी खेतीसम्बन्धी सीप तथा दक्षता विकास हुने।

घ) तरकारी उत्पादनको गुणस्तरमा सुधार भई बजारीकरण सहज हुने।

ङ) कृषकको आयआर्जन तथा रोजगारीका अवसरमा वृद्धि हुने।

च) गाउँपालिकामा वर्षभरि ताजा तरकारीको उपलब्धता बढ्ने।

**६. अनुदान प्रतिशत तथा सीमा**

क) तालिम सञ्चालन, प्रशिक्षक, प्रशिक्षण सामग्री, व्यवहारिक अभ्यास, स्टेशनरी तथा प्रमाणपत्र वितरणमा **१०० प्रतिशत अनुदान** उपलब्ध गराइनेछ।

ख) तालिममा सहभागी कृषकलाई स्वीकृत मापदण्ड बमोजिम खाजा, भोजन तथा यातायात सुविधा उपलब्ध गराउन सकिनेछ।

ग) कार्यक्रम सञ्चालन खर्च गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको सीमाभित्र रही व्यहोर्नेछ।

**७. न्यूनतम मापदण्ड**

क) सहभागी गाउँपालिकामा सूचीकृत कृषक, कृषि समूह, सहकारी, कृषि फर्म वा कृषि उद्यमी हुनुपर्नेछ।

ख) तालिममा सहभागीले कम्तीमा **८० प्रतिशत** उपस्थिति अनिवार्य पूरा गरेको हुनुपर्नेछ।

ग) तालिमबाट प्राप्त ज्ञान तथा सीपलाई व्यवसायिक तरकारी खेतीमा प्रयोग गर्ने प्रतिबद्धता जनाउनुपर्नेछ।

घ) सहभागी छनोट गर्दा व्यवसायिक तरकारी खेती गरीरहेका वा गर्न इच्छुक कृषक, महिला, युवा, दलित, जनजाति तथा विपन्न वर्गलाई प्राथमिकता दिइनेछ।

ङ) तालिम कार्यक्रम स्वीकृत पाठ्यक्रम तथा कार्यतालिका अनुसार सञ्चालन गरीनेछ।

च) तालिम सम्पन्न भएपछि सहभागीलाई प्रमाणपत्र प्रदान गरीनेछ।

छ) तालिमको प्रभावकारिता मूल्याङ्कन गर्न आवश्यकता अनुसार स्थलगत अनुगमन तथा फलोअप कार्यक्रम सञ्चालन गरीनेछ।

## ९. उन्नत कृषि प्रविधि विस्तार कार्यक्रम

### १. परिचय

खुम्बु पासाङल्हामु गाउँपालिकाको कृषि क्षेत्रलाई आधुनिक, व्यवसायिक, प्रतिस्पर्धी तथा जलवायु अनुकूल बनाउन उन्नत कृषि प्रविधिको विकास, विस्तार तथा प्रयोग आवश्यक रहेको छ। कृषि क्षेत्रमा नवीन प्रविधि, आधुनिक उपकरण, उन्नत उत्पादन प्रणाली, सूचना तथा सञ्चार प्रविधि, जलवायु अनुकूल कृषि अभ्यास तथा अनुसन्धानबाट प्रमाणित प्रविधिहरूको विस्तार गरी कृषि उत्पादन, उत्पादकत्व तथा कृषकको आयआर्जनमा वृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरीनेछ।

### २. उद्देश्य

क) उन्नत तथा नवीन कृषि प्रविधिको विकास, विस्तार र प्रयोगलाई प्रोत्साहन गर्ने।

ख) कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्ने।

ग) जलवायु अनुकूल, दिगो तथा वातावरणमैत्री कृषि प्रणालीको विकास गर्ने।

घ) कृषकलाई आधुनिक कृषि प्रविधिसम्बन्धी ज्ञान, सीप तथा प्राविधिक सेवा उपलब्ध गराउने।

ङ) कृषि व्यवसायलाई प्रतिस्पर्धी तथा बजारमुखी बनाउने।

### ३. लक्षित समूह

क) गाउँपालिकामा सूचीकृत कृषक।

ख) कृषि समूह।

ग) कृषि सहकारी संस्था।

घ) कृषि फर्म तथा कृषि उद्यमी।

ङ) महिला तथा युवा कृषक।

च) व्यावसायिक कृषि उत्पादनमा संलग्न कृषक।

### ४. प्रमुख क्रियाकलापहरू

क) उन्नत कृषि प्रविधिको प्रदर्शन (Demonstration) तथा विस्तार कार्यक्रम सञ्चालन।

ख) प्लास्टिक टनेल, थोपा सिँचाइ, मल्चिङ, वर्षा पानी संकलन, स्मार्ट सिँचाइ तथा अन्य आधुनिक प्रविधिको प्रवर्द्धन।

ग) जलवायु अनुकूल कृषि प्रविधि तथा एकीकृत बाली व्यवस्थापन (Integrated Crop Management) सम्बन्धी कार्यक्रम सञ्चालन।

घ) डिजिटल कृषि, माटो परीक्षण, कृषि सूचना प्रणाली तथा आधुनिक कृषि व्यवस्थापनसम्बन्धी प्राविधिक सेवा उपलब्ध गराउने।

ङ) कृषि प्रविधि सम्बन्धी तालिम, अभिमुखीकरण, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण सञ्चालन।

च) उत्कृष्ट प्रविधि अपनाउने कृषक तथा समूहलाई प्रोत्साहन गर्ने।

छ) अनुसन्धानबाट प्रमाणित तथा स्थानीय वातावरण अनुकूल प्रविधिको परीक्षण तथा विस्तार।

**५. अपेक्षित उपलब्धिहरू**

क) उन्नत कृषि प्रविधिको प्रयोग गर्ने कृषकको संख्या वृद्धि हुने।

ख) कृषि उत्पादन तथा उत्पादकत्वमा उल्लेखनीय वृद्धि हुने।

ग) कृषि उत्पादन लागतमा कमी तथा दक्षतामा वृद्धि हुने।

घ) जलवायु परिवर्तनका असर न्यूनीकरण तथा अनुकूलन क्षमता अभिवृद्धि हुने।

ङ) कृषकको आयआर्जन तथा कृषि उद्यमशीलतामा वृद्धि हुने।

च) आधुनिक तथा व्यवसायिक कृषि प्रणालीको विकास हुने।

**६. अनुदान प्रतिशत तथा सीमा**

क) व्यक्तिगत कृषक, कृषि फर्मको हकमा **अधिकतम ५० प्रतिशतसम्म** अनुदान उपलब्ध गराइनेछ।

ख) कृषि समूह, सहकारीको हकमा **अधिकतम ७५ प्रतिशतसम्म** अनुदान उपलब्ध गराइनेछ।

ग) अनुदान गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको सीमाभित्र रही उपलब्ध गराइनेछ।

**७. न्यूनतम मापदण्ड**

क) आवेदक गाउँपालिकामा सूचीकृत कृषक, कृषि समूह, सहकारी वा कृषि फर्म हुनुपर्नेछ।

ख) कार्यक्रमबाट प्राप्त प्रविधि तथा सामग्री कृषि प्रयोजनमा मात्र प्रयोग गर्नुपर्नेछ।

ग) कृषि प्राविधिकको सिफारिस तथा निर्देशनअनुसार प्रविधि अपनाउनुपर्नेछ।



प्रमुख प्रशासकीय अधिकृत

घ) कार्यक्रम सञ्चालनका लागि आवश्यक जग्गा, संरचना वा आधारभूत पूर्वाधार उपलब्ध भएको हुनुपर्नेछ।

ङ) अनुदान प्राप्त सामग्री बिक्री, हस्तान्तरण वा दुरुपयोग गर्न पाइने छैन।

च) कार्यक्रम सम्पन्न भएपछि आवश्यक बिल, भरपाई, फोटो, प्राविधिक प्रतिवेदन तथा अन्य आवश्यक कागजात पेश गर्नुपर्नेछ।

छ) एउटै प्रयोजनका लागि अन्य सरकारी निकायबाट दोहोरो अनुदान प्राप्त गरेको पाइएमा अनुदान रद्द गरी प्रचलित कानून बमोजिम कारबाही गरीनेछ।

ज) गाउँपालिकाले आवश्यकता अनुसार स्थलगत अनुगमन, मूल्याङ्कन तथा कार्यक्रमको प्रभावकारिता परीक्षण गर्न सक्नेछ।

## १०. मागमा आधारित कृषि कार्यक्रम

**खुम्बु पासाङल्हामु गाउँपालिकाको " मागमा आधारित कृषि कार्यक्रम सञ्चालन कार्यविधि २०८१" मा भएको व्यवस्था बमोजिम हुनेछ।**

## ११. स्थानीय रैथाने बाली प्रवर्द्धन कार्यक्रम

### १. परिचय

खुम्बु पासाङल्हामु गाउँपालिकामा परम्परादेखि खेती हुँदै आएका रैथाने बालीहरू स्थानीय कृषि प्रणाली, खाद्य तथा पोषण सुरक्षा, जैविक विविधता संरक्षण तथा सांस्कृतिक पहिचानका महत्वपूर्ण आधार हुन्। फापर, जौ, उवा, चिनो, कागुनो, सिमी, आलु तथा स्थानीय हावापानीमा अनुकूल अन्य रैथाने बालीहरू जलवायु परिवर्तनका असर सहन सक्ने, पोषणयुक्त तथा उच्च आर्थिक सम्भावना भएका बालीका रूपमा परिचित छन्। यस्ता बालीको संरक्षण, उत्पादन, उत्पादकत्व, प्रशोधन तथा बजारीकरणलाई प्रोत्साहन गरी कृषकको आयआर्जन वृद्धि तथा कृषि जैविक विविधताको संरक्षण गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरीनेछ।

### २. उद्देश्य

क) स्थानीय रैथाने बालीहरूको संरक्षण, संवर्द्धन तथा प्रवर्द्धन गर्ने।

ख) रैथाने बालीको उत्पादन, उत्पादकत्व तथा व्यवसायीकरणमा वृद्धि गर्ने।

ग) खाद्य तथा पोषण सुरक्षा सुदृढ गर्ने।

घ) स्थानीय बीउ प्रणाली तथा कृषि जैविक विविधताको संरक्षण गर्ने।

ङ) रैथाने बालीमा आधारित कृषि उद्यम तथा बजारीकरणको विकास गर्ने।

**३. लक्षित समूह**

क) गाउँपालिकामा सूचीकृत कृषक।

ख) रैथाने बाली खेती गर्ने कृषक।

ग) कृषि समूह तथा कृषि सहकारी संस्था।

घ) कृषि फर्म तथा कृषि उद्यमी।

ङ) महिला, युवा तथा सीमान्तकृत कृषक।

**४. प्रमुख क्रियाकलापहरू**

क) रैथाने बालीको गुणस्तरीय बीउ उत्पादन, संरक्षण तथा वितरण।

ख) रैथाने बालीको प्रदर्शन प्लट स्थापना तथा क्षेत्र विस्तार।

ग) उत्पादन प्रविधि, बीउ संरक्षण, प्रशोधन तथा मूल्य अभिवृद्धि सम्बन्धी तालिम सञ्चालन।

घ) स्थानीय बीउ बैंक स्थापना तथा व्यवस्थापनमा सहयोग।

ङ) रैथाने बालीको प्रदर्शनी, कृषि मेला तथा प्रचार–प्रसार कार्यक्रम सञ्चालन।

च) रैथाने बालीको ब्रान्डिङ, प्याकेजिङ तथा बजारीकरणमा सहयोग।

छ) अनुसन्धान तथा स्थानीय ज्ञानमा आधारित प्रविधिको संरक्षण र विस्तार।

**५. अपेक्षित उपलब्धिहरू**

क) स्थानीय रैथाने बालीको खेती क्षेत्र विस्तार हुने।

ख) रैथाने बालीको उत्पादन तथा उत्पादकत्वमा वृद्धि हुने।

ग) स्थानीय बीउ तथा कृषि जैविक विविधताको संरक्षण हुने।

घ) पोषणयुक्त खाद्यान्नको उत्पादन तथा उपभोगमा वृद्धि हुने।

ङ) कृषकको आयआर्जन तथा रोजगारीका अवसरमा वृद्धि हुने।

च) स्थानीय उत्पादनको ब्रान्डिङ तथा बजारीकरणमा सुधार हुने।

**६. अनुदान प्रतिशत तथा सीमा**

क) रैथाने बालीको बीउ, उत्पादन सामग्री तथा आवश्यक कृषि सामग्रीमा अधिकतम ७५ प्रतिशत अनुदान उपलब्ध गराइनेछ।

ख) व्यक्तिगत कृषक, कृषि फर्मको हकमा अधिकतम ५० प्रतिशतसम्म अनुदान उपलब्ध गराइनेछ।

ग) कृषि समूह, सहकारीको हकमा अधिकतम ७५ प्रतिशतसम्म अनुदान उपलब्ध गराइनेछ।

घ) अनुदान गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको सीमाभित्र रही उपलब्ध गराइनेछ।

**७. न्यूनतम मापदण्ड**

क) आवेदक गाउँपालिकामा सूचीकृत कृषक, कृषि समूह, सहकारी वा कृषि फर्म हुनुपर्नेछ।

ख) स्थानीय रैथाने बालीको उत्पादन वा संरक्षण कार्यमा संलग्न भएको वा कार्यक्रम सञ्चालन गर्ने स्पष्ट योजना पेश गरेको हुनुपर्नेछ।

ग) व्यक्तिगत कृषकले कम्तीमा २ रोपनी तथा समूह, सहकारी वा फर्मले कम्तीमा १० रोपनी क्षेत्रफलमा रैथाने बाली खेती गर्ने योजना पेश गरेको हुनुपर्नेछ।

घ) स्थानीय वा प्रमाणित स्रोतबाट प्राप्त रैथाने बीउको प्रयोग गर्नुपर्नेछ।

ङ) कार्यक्रमअन्तर्गत प्राप्त अनुदान तथा सामग्री बिक्री, दुरुपयोग वा अन्य प्रयोजनमा प्रयोग गर्न पाइने छैन।

च) कार्यक्रम सम्पन्न भएपछि आवश्यक बिल, भरपाई, फोटो, प्राविधिक प्रतिवेदन तथा अन्य आवश्यक कागजात पेश गर्नुपर्नेछ।

छ) एउटै प्रयोजनका लागि अन्य सरकारी निकायबाट दोहोरो अनुदान प्राप्त गरेको पाइएमा अनुदान रद्द गरी प्रचलित कानून बमोजिम कारबाही गरीनेछ।

ज) गाउँपालिकाले आवश्यक ठानेमा कार्यक्रमको स्थलगत अनुगमन, मूल्याङ्कन तथा रैथाने बालीको संरक्षणसम्बन्धी अभिलेख अद्यावधिक गर्न सक्नेछ।

## १२. लागत साझेदारीमा कोल्ड च्याम्बर निर्माण कार्यक्रम

**१. परिचय**

खुम्बु पासाङल्हामु गाउँपालिकामा उत्पादन हुने आलु, तरकारी, फलफूल, च्याउ तथा अन्य छिटो नष्ट हुने कृषि उपजको उचित भण्डारणको अभावका कारण उत्पादनपश्चात् हुने क्षति उच्च रहेको छ। उत्पादनलाई लामो समयसम्म सुरक्षित राखी गुणस्तर कायम गर्न, बजारको मागअनुसार बिक्री व्यवस्थापन गर्न तथा कृषकले उचित मूल्य प्राप्त गर्न कोल्ड च्याम्बर (Cold Chamber/Cold Storage Room) महत्वपूर्ण पूर्वाधार हो। उत्पादनपश्चात् हुने क्षति न्यूनीकरण, मूल्य अभिवृद्धि तथा कृषि उपजको बजारीकरणलाई व्यवस्थित गर्ने उद्देश्यले लागत साझेदारीमा कोल्ड च्याम्बर निर्माण कार्यक्रम सञ्चालन गरीनेछ।

**२. उद्देश्य**

क) कृषि उपजको उत्पादनपश्चात् हुने क्षति न्यूनीकरण गर्ने।

ख) कृषि उपजको सुरक्षित भण्डारण तथा गुणस्तर संरक्षण गर्ने।

ग) कृषकलाई उचित मूल्य प्राप्त गर्न सहयोग पुऱ्याउने।

घ) कृषि उपजको मूल्य अभिवृद्धि तथा व्यवस्थित बजारीकरण गर्ने।

ङ) कृषि व्यवसायलाई दिगो तथा प्रतिस्पर्धी बनाउने।

**३. लक्षित समूह**

क) कृषि समूह।

ख) कृषि सहकारी संस्था।

ग) कृषि फर्म तथा कृषि उद्यमी।

घ) कृषि उत्पादन संकलन तथा बजारीकरणमा संलग्न संस्था।

**४. प्रमुख क्रियाकलापहरू**

क) कोल्ड च्याम्बर निर्माणका लागि लागत साझेदारीमा अनुदान उपलब्ध गराउने।

ख) कोल्ड च्याम्बर निर्माणको प्राविधिक डिजाइन तथा लागत अनुमानमा सहयोग गर्ने।

ग) आवश्यक रेफ्रिजेरेशन प्रणाली, इन्सुलेसन तथा विद्युत् जडानसम्बन्धी प्राविधिक सहयोग उपलब्ध गराउने।

घ) कोल्ड च्याम्बर सञ्चालन, मर्मतसम्भार तथा व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गर्ने।

ङ) उत्पादन संकलन, ग्रेडिङ, प्याकेजिङ तथा भण्डारण व्यवस्थापनमा प्राविधिक परामर्श उपलब्ध गराउने।

च) कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने।

**५. अपेक्षित उपलब्धिहरू**

क) कृषि उपजको उत्पादनपश्चात् हुने क्षतिमा कमी आउने।

ख) कृषि उपजको गुणस्तर तथा भण्डारण अवधि वृद्धि हुने।

ग) कृषकले उपयुक्त समयमा बिक्री गर्न सक्ने क्षमता विकास हुने।

घ) कृषकको आयआर्जन तथा कृषि व्यवसायको दिगोपनमा वृद्धि हुने।

ङ) स्थानीय कृषि उपजको व्यवस्थित संकलन तथा बजारीकरण प्रणाली विकास हुने।

**६. अनुदान प्रतिशत तथा सीमा**

क) व्यक्तिगत कृषक, कृषि फर्मको हकमा **अधिकतम ५० प्रतिशतसम्म** अनुदान उपलब्ध गराइनेछ।

ख) कृषि समूह, सहकारीको हकमा **अधिकतम ७५ प्रतिशतसम्म** अनुदान उपलब्ध गराइनेछ।

ग) अनुदान गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको सीमाभित्र रही उपलब्ध गराइनेछ।

**७. न्यूनतम मापदण्ड**

क) आवेदक गाउँपालिकामा सूचीकृत कृषि समूह, कृषि सहकारी, कृषि फर्म वा कृषि उद्यमी हुनुपर्नेछ।

ख) लाभग्राहीसँग कोल्ड च्याम्बर निर्माणका लागि आवश्यक जगाको स्वामित्व वा कम्तीमा **१० वर्षको वैध भोगाधिकार/भाडा सम्झौता** भएको हुनुपर्नेछ।

ग) निर्माण गरीने कोल्ड च्याम्बरको विस्तृत परियोजना प्रस्ताव, लागत अनुमान तथा प्राविधिक डिजाइन पेश गर्नुपर्नेछ।

घ) लाभग्राहीले आफ्नो लागत साझेदारी (Matching Fund) सुनिश्चित गरेको प्रमाण पेश गर्नुपर्नेछ।

ङ) निर्माण कार्य गाउँपालिकाले स्वीकृत गरेको प्राविधिक मापदण्ड तथा लागत अनुमान अनुसार सम्पन्न गर्नुपर्नेछ।



लवराज गौतम
प्रमुख प्रशासकीय अधिकृत

थुम्के पाथीभरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ताप्लेजुङ, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

च) निर्माण सम्पन्न भएपछि गाउँपालिकाबाट प्राविधिक निरीक्षण तथा कार्यसम्पन्न प्रतिवेदन स्वीकृत भएपछि मात्र अन्तिम किस्ता भुक्तानी गरिनेछ।

छ) कोल्ड च्याम्बर कम्तीमा ५ वर्ष कृषि उपज भण्डारण प्रयोजनका लागि सञ्चालन गर्नुपर्नेछ। यस अवधिभित्र बिक्री, स्थानान्तरण वा अन्य प्रयोजनमा प्रयोग गर्न पाइने छैन।

ज) एउटै प्रयोजनका लागि अन्य सरकारी निकायबाट दोहोरो अनुदान प्राप्त गरेको पाइएमा अनुदान रद्द गरी प्रचलित कानून बमोजिम कारबाही गरीनेछ।

झ) गाउँपालिकाले तोकेको Specification को आधारमा संरचना निर्माण गर्नुपर्ने छ।

## परीच्छेद-४ विविध

**२३. अनुदानग्राहीलाई दिइने अनुदान उल्लेख गर्नुपर्नेः**

यस कार्यविधि बमोजिम अनुदान प्राप्त गरी सेवा प्रवाह गर्ने अनुदानग्राहीहरुले सहुलियत दरमा सेवा प्रवाह गर्ने व्यवस्था सम्झौताका शर्तहरुमा नै उल्लेख गरी लागू गर्नुपर्नेछ।

**२४. जिम्मेवार हुनेः**

कुनै विशेष कारणवश वा काबू बाहिरको परिस्थिति बाहेक अनुदानग्राहीको कारणबाट सम्झौता अनुरुप तोकिएको समयसिमाभित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पूरा भुक्तानी नभएमा अनुदानग्राही स्वयं जिम्मेवार हुनेछ।

**२५. कारवाहीको व्यवस्थाः**

लाभग्राहीले अनुदान दुरुपयोग गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही हुनेछ।

**२६. दोहोरो सुविधा लिन नपाउनेः**

कार्यक्रमलाई प्रभावकारी र ब्यवस्थित बनाउन संघिय सरकार, प्रदेश सरकार, स्थानीय तह र अन्य कुनै निकायबाट कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरुसंग दोहोरोपना नहुने गरी आवश्यक समन्वय गरेर कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

**२७.बाधा अड्काउ फुकाउः** यस कार्यविधि कार्यान्वयन सम्बन्धमा कुनै द्विविधा भएमा सो को निरुपण गाउँकार्यपालिकाले गर्नेछ। यस कार्यविधिमा उल्लेख भएका विषयहरु यसै बमोजिम तथा अन्य विषयहरु प्रचलित कानून बमोजिम हुनेछन्।

अनुसूची १

(कार्यविधिको दफा ६ (क) संग सम्बन्धित)

## कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वानको ढाँचा

*खुम्बु पासाङल्हामु गाउँपालिकाको लेटरहेड*

*सूचना नम्बरः............*

**.........................कार्यक्रम सञ्चालनको लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना**

प्रथम पटक प्रकाशित मिति .........................

खुम्बु पासाङल्हामु गाउँपालिकाको आर्थिक बर्ष ............... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल अनुसारका कार्यक्रमहरुमा सहभागी हुन इच्छुक आवेदकहरुले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस गाउँपालिकाको कार्यालय वा आफ्नो वडा कार्यालयमा तपसिल बमोजिमका कागजात संलग्न राखि निवेदन पेश गर्नुहुन सम्बन्धित सबै (कृषक, कृषक समूह/कृषि सहकारी/कृषक उद्यमी/फर्म/कम्पनी) को जानकारीको लागि यो सूचना प्रकाशन गरीएको छ। प्रस्ताव साथ संलग्न गर्नु पर्ने निवेदनको ढाँचा, व्यवसायिक कार्ययोजना तथा संलग्न गर्नु पर्ने कागजात यस कार्यालय वा सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

तपसिल

| क्र.स. | कार्यक्रमको नाम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | न्युनतम मापदण्ड | बजेट | अनुदानको सिमा |
|---|---|---|---|---|---|
| 1. | | | | | |

आवश्यक कागजातहरुः

1. कार्यक्रमको लागि तोकिएको ढाँचामा निवेदन ।
2. दर्ता/नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपी।
3. व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव ।
४. नेपाली नागरीताको प्रमाण पत्रको प्रतिलिपी।
५. समुह र सहकारीको हकमा अनुदान माग गर्न गरीएको निर्णयको प्रतिलिपी ।
६. जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिएको भए भाडा सम्झौता ।

*थप जानकारीको लागि कृषि विकास शाखा ...................... मा सम्पर्क गर्न सकिने छ ।*

अनुसूची २

(कार्यविधिको दफा ६ (ख) सँग सम्बन्धित)

**निवेदनको ढाँचा**

मितिः ......................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
खुम्बु पासाङल्हामु गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय
चौरीखर्क, सोलुखुम्बु ।

**विषय: कार्यक्रम सञ्चालनको लागि प्रस्ताव सहितको निवेदन सम्बन्धमा ।**

प्रस्तुत विषयमा ताहाँ कार्यालयबाट मिति .................... मा प्रकाशित भएको सूचना अनुसार .....................................................................................................................कार्यक्रममा सहभागी हुन ईच्छुक भएकाले कार्यालयले उल्लेख गरेका मापदण्ड र शर्तहरूको अधीनमा रही कार्यक्रम सञ्चालन गर्न निम्न बमोजिमका आवश्यक कागजातहरू संलग्न गरी यो प्रस्ताव सहित निवेदन पेस गरेका छु/छौं।

**संलग्न कागजातहरुः**

| विवरण | छ | छैन |
|---|---|---|
| प्रस्तावकको निवेदन | | |
| दर्ता/नवीकरण भएको प्रमाण-पत्रको प्रतिलिपी | | |
| नेपाली नागरीताको प्रमाण पत्रको प्रतिलिपी। | | |
| कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव | | |
| अनुदान माग गर्न गरीएको संस्था/समुहको निर्णयको प्रतिलिपी | | |
| अनुमानित लागत रकम (निर्माण गरीने पूर्वाधारको हकमा) | | |
| जग्गा-धनी दर्ता प्रमाण-पूर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा (करार/संझौता पत्र) | | |

माथि उल्लेखित विवरण तथा कागजातहरू सहि सत्य छन्।

निवेदक
दस्तखत :
नाम :
ठेगाना :
सम्पर्क नं.:
संस्था/समुहको छापः

अनुसूची ३

## कार्यक्रमको संक्षिप्त व्यावसायिक कार्ययोजनाको ढाँचा

कार्यक्रमको नाम: जिल्ला: गा.पा.

वडा नं.: टोल: गाउँ:

फर्मको नाम: सञ्चालकको नाम: सम्पर्क नं.-

१. व्यवसायको परिचय:

२. उद्देश्यहरु :

३. कृषि व्यवसायमा अनुभव:

४. व्यवसाय सञ्चालन गरीने स्थानको संक्षिप्त विवरण:

५. व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरु :

६. तालिम सम्बन्धी विवरण :

७. सहकार्यमा सञ्चालन गरीने प्रस्तावित कार्य विवरण:

| क्र.सं. | कार्य विवरण | परिमाण | दर | कूल लागत रकम रु | अनुदान रकम रु | साझेदारी रकम रु | संपन्न हुने समयावधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

८. सञ्चालन हुने कार्यक्रमको वातावरणीय उपयुक्तता (प्रभाव पार्ने वा नपार्ने)-

९. उत्पादित वस्तुको बजार योजनाः

१०. थप आधारहरुः

क) उपलब्ध जग्गाको क्षेत्रफल .......................

ख) कार्यक्रमको स्पष्टता ...............................

ग) अपेक्षित वार्षिक प्रतिफल........................................

कार्ययोजना पेश गर्ने:

फर्म/कृषकको नामः सम्पर्क नम्वर:

ठेगाना: जिल्ला ........ गाउँपालिका.............. वडा न. .... टोल ........

फर्म सञ्चालन गरीने स्थान: जिल्ला ........ गाउँपालिका.............. वडा न. .... टोल ........

प्रमुख प्रशासकीय अधिकृत

फर्म/कृषकको तर्फबाट

नाम:

पद:

दस्तखत:

मितिः

अनुसूची ४

(कार्यविधिको दफा ६ सँग सम्बन्धित)

**स्थलगत अनुगमन विवरण**

1. आवेदकको नामः
2. प्रस्तावित कार्यक्रमको नामः
3. कार्यक्रम सञ्चालन स्थलको ठेगानाः
4. कार्यक्रम सञ्चालन स्थलको भौतिक पुर्वाधारको अवस्थाः

   सडक सुविधा भएको/नभएको-

   विद्युत सुविधा भएको/नभएको-

   सिँचाइ सुविधा भएको/नभएको-

   जग्गाको स्वामित्व आफ्नै/भाडाको-

5. व्यवसाय सम्बन्धी अनुभवः

६. व्यवसायसँग सम्बन्धित तालिमः

7. कार्यक्रम सञ्चालनको लागि प्राविधिक रुपमा स्थलगत अवस्थाः

8. कार्यक्रम सञ्चालनको लागि वित्तीय अवस्था तथा साझेदारी गर्न चाहेको रकमः

9. रोजगारीको अवस्थाः

10. बजारीकरण योजनाः

11. अन्य सान्दर्भिक बुँदाहरुः

## अनुसूची ७

(कार्यविधिको दफा ७(१) सँग सम्बन्धित)

**<u>प्रस्ताव मूल्याङ्कनका आधार/सुचकहरु</u>**

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अधिकतम अंक | कैफियत |
|---|---|---|---|
| 1. | व्यवसायिक कार्ययोजना | 10 | |
| 2. | कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पुर्वाधार र संभावनाको अवस्था | 15 | |
| 3. | व्यवसाय व्यवस्थापनको अवस्था र संभावनाको अवस्था | 15 | |
| 4. | प्राविधिक रुपमा उपयुक्त स्थान वा अवस्थिति | 15 | |
| 5. | आर्थिक पक्ष | 10 | |
| 6. | कार्यक्रमको दिगोपना योजना | 15 | |
| 7. | बजारीकरणको हालको अवस्था र भावि योजना | 15 | |
| 8. | रोजगारी सृजनाको अवस्था | 5 | |

नवराज गौतम
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ६

(कार्यविधिको दफा ... (ग) सँग सम्बन्धित)

## कार्यक्रमको सम्झौता पत्रको नमूना

खुम्बु पासाङल्हामु गाउँपालिकाको आ.व. ..................को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ................................अनुदान कार्यक्रम सञ्चालन गर्न खुम्बु पासाङल्हामु गाउँपालिकाको कार्यालय (यस पछि प्रथम पक्ष भनिने) र खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं.........मा रहेको.........................................का संचालक श्री .................................... (यस पछि दोश्रो पक्ष भनिने) का वीच तपसिल बमोजिमका शर्तहरु परिपालना गर्ने गरी यो सम्झौता गरीदियौं/लियौं।

तपसिल :

१. प्रथम पक्षले ..................................................... कार्यक्रम सञ्चालन गर्न कार्यक्रमको लागि जम्मा लागत रु. ........................ मध्ये दोश्रो पक्षलाई रु. ........... (अक्षेरुपी ................) बरावरको आर्थिक/जिन्सी अनुदान प्रदान गर्नेछ। र बाँकी रकम दोस्रो पक्ष आफै लगानी गर्नुपर्नेछ।

२. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताविकको डिजाईन र ईस्टिमेट अनुसारका सम्पुर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी सम्पन्न गर्नुपर्नेछ।

३. दोश्रो पक्षले प्रस्तावनामा उल्लेख भए अनुसारको कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। सोको अनुगमन लागि प्रथम पक्षले गर्ने छ यस कार्यमा प्रथम पक्षलाई आवश्यक सहयोग गर्नु दोश्रो पक्षको दायित्व हुनेछ।

४. दोश्रो पक्षले प्रथम पक्षको परामर्श र सहमति अनुसारका आवश्यक कृषि उत्पादन सामाग्रीहरु आफैले खरिद गरी नियमानुसारको बिल, भरपाई तथा कृषि प्राविधिकको कार्य सम्पन्नताको सिफारिस, सम्बन्धित वडा कार्यालयको भुक्तानी सिफारिस र अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि पेश गर्नु पर्नेछ।

५. प्रथम पक्षले तोकेको प्राविधिकको प्रतिवेदन सिफारिसमा भएको प्रगतिका आधारमा अनुदान रकम दोश्रो पक्षको बैंक खातामा वा चेक वा नगद एकमुष्ट भुक्तानी दिईनेछ।उक्त रकम कार्यक्रम सम्पन्न भएपछि मात्र भुक्तानी हुनेछ।

६. प्रथम पक्षबाट अनुदान स्वरुप उपलब्ध गराईएको रकमबाट स्थापना गरीएको सामाग्रीहरुको आवश्यक मर्मत सम्भार गर्ने जिम्मा दोश्रो पक्षको हुनेछ। निर्माण कार्यको



नवराज गौतम
प्रमुख प्रशासकीय अधिकृत

हकमा कार्यक्रमको सम्झौता सहित सम्पन्न भएको डिजा. ॥ इष्टिमेट बमोजिम गर्नु पर्नेछ।

७. दोश्रो पक्षले सहकार्यमा संचालित कार्यक्रमहरुको प्रगति विवरण प्रथम पक्ष समक्ष उपलब्ध गराउनु पर्नेछ।

८. उल्लेखित सम्पुर्ण कार्यक्रम मिति ...................... भित्र सम्पन्न गरीसक्नु पर्नेछ।

९. कार्यक्रम संचालित स्थानमा सबैले देख्ने गरी कार्यक्रमको नाम, ठेगाना, लाभान्वितहरुको विवरण, सहकार्यको रकम र सहयोगी निकायको नाम सहितको होडिङ्ग बोर्ड अनिवार्य राख्नु पर्नेछ।यसको दायित्व दोश्रो पक्षको हुनेछ।

१०. सम्झौतामा उल्लेख नभएका अन्य विषयहरुको हकमा दुवै पक्षको आपसी सहमतिमा प्रचलित कानून अनुसार हुनेछ।

| प्रथम पक्षको तर्फबाट | दोश्रो पक्षको |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | ठेगाना : |
| कार्यालय : | पद : |
| छापः | सम्पर्क नं. : |
| साक्षीः | संस्थाको छाप : |
| | साक्षीः |

ईति संम्वत् २०.........साल ............महिना ........गते रोज .........शुभम्।

नवराज गौतम
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत